परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक १० २०७७ असोज ११ गते आईतवार Sunday 27, SEP, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## तरकारी कृषकको खेतमा राज्य मन्त्री विश्वास

विराटनग । दश वर्ष देखि ग्रामथान गाउँपालिका वडा नं. ४ लोहन्द्रा खोला छेउमा तरकारी खेतमा प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण राज्य मन्त्री विजय कुमार विश्वासलाई देखेपछि कृषकहरु खुशीले विभोर भएका थिए ।

राज्यमन्त्री विश्वासले असोज ८ गते विहीवारका दिन झिम-पानी परि रहेकै वेला १ किलो मिटर टाढै गाडी राखेर हिन्दै किसानको खेतमा पुगी तरकारी खेतको अनुगमन गरेका थिए । लोहन्द्र छेउपा करीब १० विगहा जग्गामा १० वर्ष देखि हरियो तरकारीका खेती लगाउँदै आएका विनटोलका किसानहरुले हरियो तरकारीको बजारी करण, कृषिमा सरकारी सहयोग, उत्पादनलाई बजार सम्म पर्‍याउन बाटो र लोहन्द्रा कटानले कृषकहरुलाई हुने क्षति लगिायतका



समस्यालाई प्रदेश सरकारवाट सम्बोधन गराउने उदेश्यले सोही ठाउँका अगुवाहरुले मन्त्री विश्वासलाई तरकारी खेती अनुगमन गराएको हो ।

तरकारी खेती अनुगमण गरेपछि राज्य मन्त्री विश्वासले भने 'कृषकहरको मेहनत हेरेर म खुशी भएको छु तर कृषकहरुले यस्तो मेहनत गरेर हरियो तरकारी उत्पादन गरि रहेका छन् तर राज्यको तर्फवाट अहिले सम्म कुनै किसिमको सहयोग नपाएकोमा दु:खी पनि भएको छु'

त्यसैगरी वहांले भन्नु भयो यस क्षेत्रमा वाटो घाटोको समस्या, सिचाईको समस्या, लोहन्द्रा नदी कटानको समस्या, कृषि खेतीको लागि कृषि औजारको समस्या, रहेको छ । ती समस्याको समाधानका लागि कृषि

वांकी ३ पेजमा...

## झारफुक गर्ने वहानामा जबरजस्ती करणी

विराटनगर । झारफूक गरी बच्चाको जन्म हुन्छ भन्दै एक महिलालाई जवरजसती करणी गर्ने उद्योगमा एक जनालाई प्रहरीले पत्राउ गरेको छ ।

घटनाको विवरण अनुसार पाँचवर्ष पहिले एक जोडीको विवाह भएको थियो । तर ती दम्पतीवाट बालवच्चाको जाय जन्म नभएपछि गाउँघरका धामी/झार्कीको काम गर्ने वौना राम भन्ने चन्देश्वर राम चमारले झारफूक गरेपछि सन्तान प्रप्ती हुन्छ भनी सुनेर दम्पती झाकरीको घरमा पुगेका थिए ।

जिल्ला मोरङ बिराटनगर महानगरपालीका वडा न.१८ जाहेरवालीको आफनो घर कोठामा रहेको पुजा कोठामा असोज २४ गते बेलुका बोलाई रातभर धामीले झारफुक गरेर असोज २५ गते बिहानको राती झरफुक गर्ने वौना राम भन्ने चन्देश्वर राम चमार झारफुक गर्ने बाहानामा जाहेरवाली एक्कलै भएको मौका छोपी साडी खोली जबरजस्ती करणी गर्न खोजेको जाहेरवालीको श्रीमान् आफै देखेका थिए ।

जाहेरवालीले जबरजस्ती करणीको उद्योग गरेको मेरो श्रीमानले देखेको हुँदा कानुन बमोजिम कारवाही सजाय गरी पाउ भनी असोज ३१ गते जाहेरी दर्ता गराएपछि झारफुक

वांकी अन्तिम पेजमा...

## गोरु काटेर खाने तीन जना पक्राउ

झापा, असोज १० गते । झापाको अर्जुनधारा वडा नं. ५ स्थित बैसाबारी बस्ने तिन जना गोरु काटेर खाएको आरोपमा पक्राउ परेका छन ।

पक्राउ पर्नेमा २० बर्षीय ईमन दाहाल, २७ बर्षीय विर बहादुर दनुवार र अर्का बर्ष २७ कै टिकार ाम दनुवार रहेका छन । बिहान उनिहरुले गोरु काटेर खाई गोरुको टाँउको र खुट्टाहरू नजिकै रहेको उखुबारीमा गाडेको थियो ।

सोको सूचना स्थानीयले प्रहरी चौकी शनिश्चरेमा जानकारी गर ाएपछि तत्काले प्रहरी टोली खटि गई तिनै जनालाई नियन्त्रणमा लिईएको ईलाका प्रहरी कार्यालय अनामनीले जनाएको छ ।

त्यसै गरी उनिहरुले गाडेको गोरुको टाँउको र खुट्टा समेत फेला पारीएको र पक्राउ परेका तिनै जना उपर कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## कसेनी घटनामा ५ जनालाई थुना र २ संग धरौटी

विराटनगर । मोरङको बेलबारी नगरपालिका वडा नं. ५ कसेनीस्थित लोहन्द्रा खोलामा दुई समूह बीच भएको सामुहिक आक्रमण र हत्याको घटनाको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दामा ५ जनालाई थुनामा राख्न र २ जनसँग धरौटी लिई छाड्न जिल्ला अदालत मोरङले आदेश दिएको छ ।

सो मुद्दामा पछि ठहरे बमोजिम हुने नै हुँदा ह तत्काल प्राप्त प्रमाणका आधारमा इजलासले पाँच जनालाई पूर्पक्षका लागि कारागार चलान गर्न र दुई जनालाई धरौटीमा छाड्न आदेश दिएको हो ।

धरौटीमा छुट्नेहरु मध्ये ग्रामथान गाउँपालिका वडा नं. ६ को जितेन्द्रकुमार चौधरीसंग ४ लाख र यानव थुलुङ राईसंग २ लाख रुपैयाँ धरौटी लिएर तारेखमा छाड्न अदालतले आदेश दिएको छ । अदालतले मागेको धरौटी रकम बुझाएर चौधरी छुटिसकेको छ ।

थुनामा राखी करागार चलान हुनेहरुमा मुख्य अभियुक्त मोरङको बेलबारी नगरपालिका वडा नं. ५ को विनयकुमार सरदार बेलबारी नगरपालिका वडा नं. ५ को राजेन भनिने राजेन्द्र थुलुङ राई, ग्रामथान गाउँपालिका वडा नं. ६ को वीरेन्द्रकुमार खाँ, वडा नं. ५ को दीपेन भनिने दीपेन्द्रकुमार चौधरी र बेलबारी नगरपालिका वडा नं. ६ को विशालकुमार खवास (गच्छदार) रहेका छन् ।

सरकारी वकिल कार्यालयले १९ जनाविरुद्ध अदालतमा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरेको थियो । २८ दिनअघि भदौ १२ गते खोलामा लगाइएको बाँसको पुलका विषयलाई लिएरे सामूहिक आक्रमणको घटना भएको थियो । सो आक्रमणमा ४० वर्षीय चन्द्रकुमार राईको मृत्यु भएको थियो ।

सामूहिक आक्रमण गर्दा चन्द्रकुमारका दाई सइकुमार राई,

वांकी अन्तिम पेजमा...

## विश्व किर्तिमानी आङरिता शेर्पा (हिमचित्तुवा) को निधन

काठमाण्डौ, असोज ५ गते । विश्वको सवभन्दा अगलो सगरमाथा विनाअक्सिजन १० औं पटक आरोहण गरी विश्व कीर्तिमान कायम राख्न सफल आङरिता शेर्पा (हिमचितुवा)को निधन भएको छ ।

सोलुखुम्बुको थामेमा जन्मिएका ७२ वर्षीय 'हिमचितुवा'को निधन आफ्नै निवास काठमाण्डौको जोरपाटीमा निधन भएको हो । शर्पाको पार्थिव शरीर अहिले शेर्पा गुम्बामा लैजाने तयारी भइरहेको छ ।

सोमबार बिहान १० बजे उनको आफ्नै निवास काठमाडौंको जोरपाटीमा निधन भएको हो । शेर्पाको पार्थिव शरिरलाई बुधबार बौद्धधर्मानुसार दाहसंस्कार गर्ने तयारी गरिएको छ ।

शेर्पाले सन् १९८३ देखि सगरमाथाको आरोहण शुरु गरेका थिए । सन् १९९६ मा विनाअक्सिजन सगरमाथामा पाइला टेक्नुभएका शेर्पाको त्यो अन्तिम आरोहण थियो ।

हिमचितुवाले सर्वोच्च शिखर सगरमाथा मात्रै नभई विनाअक्सिजन नै पाकिस्तानको माउन्ट केटु तथा नेपालका चोयु, मनास्लु, ल्होत्से, अन्नपूर्ण, धौलागिरिलगायत दर्जनौं हिमालको उहाँले पटकपटक आरोहण गरेका थिए ।

कक्षा ११ को नयाँ भर्ना खुलेको सूचना

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई २०७७ सालमा पनि २५ उतकृष्ठ +२ कलेजहरुमध्ये सातौं स्थानमा पर्न सफल प्रदेश नं. १ कै एकमात्र मेरिल्याण्ड कलेजमा कक्षा ११ को नयां भर्ना सूचारु रहेको विनम्र अनुरोध गरिन्छ ।

मेरिल्याण्ड कलेज
(नेपालकै सर्वोत्कृष्ट व्यवस्थापन कलेज)
रंगेली रोड, विराटनगर
सम्पर्क : ०२१५१५५४०,५७५२७५, ५७०४९२

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

## बालिकाको...

झापाले जनाएको छ ।

मृतक कृतिका ५ दिन अगाडी काठमाण्डौबाट मावली घरमा आएकी हुन । मावली घरकै चार तला माथीको छतबाट झरेर उनको मृत्यु भएको सा कार्यालयले जनाएको छ ।

## तरकारी...

मन्त्रीसंग कुरा गरी पहल गर्ने प्रतिवद्धता जनाउँदै कृषि मन्त्रीलाई समेत यस क्षेत्रको अनुगमन गराउँने कृषकहरुसंग बाँचा गरेको छ ।

तरकारी खेती गर्ने कृषकहरु अशेश्वर महतो विन, विशेश्वर महतो विन, संतोष सिंह, रामचन्द्र मण्डल विनले लौका, घेरा, खुर्सानी, बोडी, पड्व, भिण्डी, कैथा, काकरा, लगायतका हरियो सांग सब्जीहरु लगाउँ जीविकका उपार्जन गरि रहेका छन् ।

सुकुम्वासी रहेका ती किसान हरुले तरकारी वाली लगाएरै त्यसवाट भएको आम्दानीले तीनीहरु जग्गा धनी बनी सकेका छन् । ती कृषकहरुका तरकारी खेती गर्नका लागि कृषि बाटो, कृषि प्रवर्द्धनका लागि कृषि औजार, विउ, विजन, खादमल लगायत सरकारी अनुदानको व्यवस्था मिलाई दिन कृषकहरु राज्य मन्त्री विश्वास समक्ष आग्रह गरेका थिए ।

## फरार...

भाइ समुन्द्र र भतिज ( सइकुमारका छोरा गौरव राई घाइते भएका थिए । प्रहरीका अनुसार घटनाका मुख्य योजनाकार र नाइके विनयकुमार सरदार र कृष्णकुमार चौधरी फरार रहेको ती दुवैको खोजी भई रहेको वताए ।

## झारफुक...

गर्ने वौना राम भन्ने चन्देश्वर राम चमारलाई कार्तिक १ गते पक्राउ गरी जबरजस्ती करणीमा अदालतवाट म्याद थप गराई थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# ६५ हजार घुसको आरोपमा प्रहरी निलम्वनमा

दमक । झापा जिल्ला दमकका ४ जना प्रहरीलाई घुस लिएका आरोपमा निलम्बन गरेको छ ।

माल सहितको ट्रयाक्टर पक्राउगर्रा पैसाको लेनदेन गरेको आरोपमा एक जना असई, एक हवल्दार, एक प्रहरी जवान र एक जना ट्राफिक प्रहरी निलम्बनमा परेका हुन् ।

व्यपारीहरुले बिलबिना युरिया मल ल्याउँदै गरेको ट्याक्टर ताराबारी ढाटमा बसेका प्रहरीले समातेका थिए । तर, माथिल्लो तहमा खबरै नगरी उनीहरुले ट्याक्टर छोडेको खुलेको छ ।

प्रहरीको चेन अफ कमान्ड उल्लघंन गरेको आरोपमा उनीहरुलाई निलम्बनमा गरेर अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय दमकका प्रमुख डिएसपी विजयराज पण्डितले वताए ।

निलम्बित हुनेहरुमा असई भरत कोइरालासहित हवल्दार शिवचन्द्र मुखिया, जवान भिमलाल चौधरी र ट्राफिक प्रहरी जवान मनकुमार रुचाल रहेका छन् । उनीहरुले भदौ २४ गते मलसहितको ट्याक्टर ६५ हजार रुपैयाँ लिएर छाडेको आरोप लागेको छ ।

# पहिरोले पृथ्वी राजमार्ग अवरुद्ध

गजुरी, असोज ७ गते । धादिङको गुजुरी गाउँपालिका वडा नं ५ गलौदीमा पहिरो जाँदा पृथ्वी राजमार्ग अवरुद्ध भएको छ ।

गलौदीमा पहिरोले पृथ्वी राजमार्गअन्तरगत धादिङको गजुरी गाउँपालिका ( ५ गलौदीमा पहिरो जाँदा दुई वटा गाडी पहिरोमा च्यापिएको छ। काठमाडौंबाट धनगढि जाँदै गरेको ना ६ ख ६४०८ नम्बरको कन्टेनर पहिरोमा च्यापिएको ट्राफिक प्रहरी प्रमुख एवम् प्रहरी निरीक्षक नेत्र भट्टले जानकारी दिए। उनका अनुसार काठमाडौं जाँदै गरेको एचआर ३३ ९९०१ नम्बरको भारतीय कन्टेनर पनि अड्किएको छ ।

राजमार्ग पूर्ण रुपमा अवरुद्द भएकाले सडक विभागको गजुरी फिल्ड कार्यलयबाट पहिरो पन्छाउनको लागि डोजर परिचालित गरिएको छ। राजमार्ग खुलाउन १ घन्टाभन्दा बढी लाग्ने प्रहरी निरीक्षक भट्टले जानकारी दिए।

यता नारायणगढ-मुग्लिन सडकखण्ड र मुग्लिन-नौबिसे सडकखण्ड एकतर्फी मात्र सञ्चालनमा रहेको छ । इच्छाकामना गाउँपालिका-६ स्थित चारकिलो डाँडामा आज पहिरो खस्दा अवरुद्ध भएको सडक अहिले एकतर्फी सञ्चालनमा आएको इलाका प्रहरी कार्यालय मुग्लिनले जानकारी दिएको छ।

धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित बाँदरेभीरमा लेदो झर्दा सडक एकतर्फी मात्र सञ्चालनमा आएको इलाका प्रहरी कार्यालय मझिमटार धादिङले जनाएको छ। अहिले सडक दुइतर्फी सञ्चलानमा ल्याउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# वालले किचिंदा एक महिलाका मृत्यु

विराटनगर, असोज ८ गते। मोरङ बिराटनगर महानगरपालिका वडा नं. १५ रानी एरिया स्थित वाल भत्किएर किचिदा एक जना महिलाको मृत्यु भएको छ ।

बाल भत्किएर किचिदा बस्ने ५५ वर्षिय समिरु नेसाको मृत्यु भएको छ । कल (ट्यूवेल) मा पानी लिनको लागी जादै गर्दा एक्कासी सोहि स्थानमा रहेको बिराट जुटमिलको वाल भत्कीएर समिरुलाई किच्दा उनी गम्भिर घाईते भएकी थिईन ।

घाइते समिरुको न्युरो अस्पताल बिराटनगरमा उपचारको क्रममा दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# लागु औषध सहित १ जना पक्राउ

सुनसरी असोज १० गते । सुनसरी हरिनगर वडा नं. ६ घुस्की बस्ने अकमुल अंसारी लागुऔषध सहित पक्राउ परेका छन ।

विहिबार इनरुवा नगरपालिका वडा नं. १ गोलपार्क एरियामा विशेष सुराकका आधारमा साईकलमा आईरहेका अंसारीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिमाथी चेकजाँच गर्दा डाइलेक्स डीसी १०० एमएल लेखिएको अवैध लागुऔषध ४९ बोलत फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

अंसारी उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको उक्त कार्यालयले जनाएको छ ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔ ।

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. *कसरी सर्छ कोरोना भाइरस ?*
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. *कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*
क) सिगान बगिरहनु, ख) घाँटी सुन्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ,

३. *यसबाट बच्न के-के गर्ने ?*
क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**ग्रामथान गाउंपालिका**
**मोरंग, प्रदेश नं. १**

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. *कसरी सर्छ कोरोना भाइरस ?*
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. *कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*
क) सिगान बगिरहनु, ख) घाँटी सुन्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ,

३. *यसबाट बच्न के-के गर्ने ?*
क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**जहदा गाउंपालिका, मझारे**
**मोरंग, प्रदेश नं. १**

सूचना सूचना सूचना

१ **श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौ सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग







क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# महिला हिंसामा संलग्नलाई कडा दण्ड र सजायका व्यवस्था गरौं

नेपाली समाजमा खास गरी महिला र बालवालिकामा भउको हिंसा र वलात्कारका घटनाहरु दिनहुँ सुनि रहेका छौ । ती घटनाहरुका अपराधीहरुलाई केही हद सम्म कारवाही पनि भईरहेको छ तर पनि घटना दिन दिनै वृद्धि हुँदै गई रहेको छ । अपराधिहरुले अपराध गर्छन त्यसको परिणाम अपराध नर्गे पुरुषहरुले पुरुष भन्नै लाज लागि सकेको छ । महिला र बालबालिकालाई हिंन्सा गर्नेलाई कडा कानुनी कारवाही र सजायको व्यवस्था हुनु पर्न समाजमा जोडदार माग उठि रहेको छ । त्यसमा पनि अहिलेको अवस्थामा सामूहिक वालातकारको घटनाहरु सार्वजनिक भई रहेको छ । सामुहिक वालात्कारमा संलग्नहरुलाई दोबर सजाय हुनुपर्छ । हिंसा गर्नेलाई सजाय गराउन समाजकै अगुवाहरु अगाडीबढ्नुको सट्टा अपराधीलाई वचाउन लाग्ने प्रवृतिलाई हटाउन अपराधीलाई  बचाउन सघाउनेलाई पनि कडा कानुनी कारवाही र सजाय हुनपर्छ ।

विश्वमा मानव अधिकार, न्याय, स्वतन्त्रता, कानुनी राज्यको स्थापना तथा महिला हक अधिकारका पक्षमा लहर चलिरहेका बेला कथाकथित गाउँमै पंचायत बसाउने फैसला गर्ने पिडितलाई झन पिडित पार्ने पिडकसंग रकम लिएर घटनालाई दवाउने, गाउँमै मिलाउने प्रहरी समक्ष घटनालाई पुग्नै नदिने जस्ता कार्यगर्नु निकृष्ट अपराधिक कार्य हो ।  यस्तो फैसलामा सहभागी हुनेले ठूलो सामाजिक अपराध गरेका छन् । तसर्थ बलात्कार गर्ने र बलात्कारी जोगाउने दुवै पक्षलाई व्यक्ति हत्या गरेको अभियोग लगाएर कारबाहीको दायरामा ल्याउनुपर्छ । पंचायती, जातिय परम्परा, इज्जत जाने डरले समाजमै अपराधिक घटना मिलाउने राजनीतिक कार्यकर्ता  तथा भद्रभलादमीहरुले गरिने विभेदपुर्ण निर्णयमा संलग्न हुनेहरुलाई समेत कडा कारवाही र सजायको व्यवस्था गरी समाजमा रहेका त्यस्ता पंच अपराधीहरुलाई सिक हुने गरी कानुन वनाउनुपर्छ ।

सामाजिक रुपमा कम्जोर रहेका पिडित परिवाहरुलाई आर्थिक प्रलोभन दिने, परिवारमाथि धाक धम्की दिने, समेत भई रहेको छ । त्यसतर्फ प्रहरी प्रशासन विषेश चनाखोभएर पिडितलाई सुरक्षाको प्रत्याभुति दिनु जरुरी हुन्छ । शदीयौंदेखि जरा गाडिरहेको यस्ता अन्धविश्वासबाटै मुक्ति कसरी खोज्ने भन्ने बेला आएको छ । यस्ता महान् अभियानको सुरुवात सचेत नागरिकबाटै गर्नुपर्छ । त्यसमा पनि युवाशक्तिले यसको नेतृत्व लिनुपर्छ । यस्ता विषय बस्तुलाई विद्यालय देखि विश्वविद्यालय सम्म पाठ्क्रममा समावेश गरी अन्धविश्वासमा गाजेका हाम्रा जस्ता विकाससन्मुख मुलुकहरुले समाजलाई रुपान्तरका लागि राजनीतिक दल, नागरिक समाज, यूवाहरु जिम्मेवारी लिन आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)**: यन्त्र, औजार, उपकरण आदि बिग्रनाले फजुल खर्च बढ्नेछ। पाउमा चोटपटक लाग्न सक्छ । निकटजनसँग बिनाकारण दूरी बढ्नेछ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो)**: छरछिमेकमा सम्पन्न हुने धार्मिकर सांस्कृतिक गतिविधिमा संलग्न हुनु पर्नेछ । रोजगारिका अवसर सिर्जना गरि धन सम्पति कमाउँन सकिनेछ ।

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : सामाजिक तथा न्यायिक क्षेत्रमा संलग्न व्यक्तिहरूले सफलता प्राप्त गर्नेछन् । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**: अचल सम्पत्ती हातपर्ने योगछ । कहिलेकाहीँ राम्रो गर्दागर्दै र राम्रो बोल्दाबोल्दै पनि अपजस आइलाग्नसक्छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**:  विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ । बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्नेछ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: खर्च बढेपनि आम्दानी भन्दा बढी खर्च हुनेछैन । झैंझगडा र मुद्दामामिलाबाट टाढिनु नै जाति हुन्छ । मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**: शरीर भारि र मन अस्थिर र हने संकेत देखिन्छ । तपाईको लागि शुभ अङ्क ७,९ र शुभ रङ्ग सेतो लक्की हुन्छ ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**:  जुक्ति बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । प्रेम सम्बन्धमा मधुरता मिल्नेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: भावमा सूर्यले भ्रमण गर्नाले कार्यक्षेत्रमा झिनामसिना व्यवधान आइलाग्न सक्छ र स्वास्थ्यप्रति सजकता अपनाउनु पर्नेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**: प्रणयसम्बन्ध र रतिर ाग बढाउने समयपनि रहेको छ । राज्यस्तरबाट लोभ लाग्दा अवसर प्राप्त हुने सम्भावना छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ । शुभ अंक ५ र ८ शुभ रंग खैरो हुनेछ ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : व्यापार व्यवसायबाट आम्दानी हुनेछ । महिनाको उत्तरार्धबाट योजना कार्यान्यनमा ढिलाइ गर्नाले आफैंपछि परिनेछ ।

# नेपालमा प्याज खेती : समस्या समाधान



मधुसुदन घिमिरे

केही वर्ष अगाडिसम्म कुनै खास जातिले खान नहुने भनेर वर्णन गरिएको प्याजको खपत पछिल्ला वर्षमा बढ्दै गएको पाइन्छ , आजकाल प्राय : प्याज र टमाटरविना भान्सा अपूरो हुने स्थिति आइसकेको छ ,

विश्वका विभिन्न ठाउँमा उपयोग हुने प्याजका विभिन्न प्रजातिमध्ये नेपाल लगायत दक्षिण एसियामा उपभोग हुने रातो पिरो खालको प्याज हो , यो प्रजातिको प्याज खानामा स्वाद बढाउने प्रयोजनका लागि प्रयोग गर्ने गरिएको छ , केही वर्ष अगाडि विशेष दिनमा मीठो-मसिनो बनाएर खाँदामात्रै प्रयोग हुने प्याज अचेल दैनिकी नै बनेको छ ।

नेपालमा प्याज खेतीको अवस्थाको विश्लेषण गर्दा विगत पाँच वर्षमा प्याजको उत्पादन वार्षिक २० देखि २१ हजार हेक्टर क्षेत्रफलमा करिब दुईलाख पचास हजारदेखि तीन लाख मेट्रिकटनको हाराहारीमा हुँदै आएको सरकारी तथ्यांकहरूमा पाइन्छ , यसरी उत्पादन भएको प्याजको औसत ४० रूपैयाँ प्रतिकेजीका दरले मूल्यमा हिसाब गर्ने हो भने करिब नौ अर्बको प्याज स्वदेशमै वार्षिक उत्पादन भएको देखिन्छ ।

प्याजको गुणस्तरीय बिउ उत्पादन गर्न प्रोत्साहन गर्ने, तराईका असिँचित क्षेत्रमा सिँचाइको प्रबन्धसहित प्याज खेती प्रोत्साहन गर्ने, प्याजको खेती प्रवर्द्धन गर्न आवश्यक प्रविधि विकास वा आयात गरेर प्रमाणीकरण पश्चात् किसानमाझ लैजाने तथा बजार व्यवस्थापन र मूल्यको सुनिश्चितता गर्ने किसिमका कार्यक्रममा तीनै तहका सरकार मिलेर काम गर्नु नै आजको आवश्यकता हो ।

नेपालका तराईका जिल्लाहरू विशेष गरी सर्लाही, बारा, पर्सा, सिराहा, सप्तरी, महोत्तरी, रौतहटलगायत जिल्लामा हिउँदे याममा प्याजको खेती गर्ने गरिएको छ , तर, यो उत्पादन नेपालमा प्याजको वार्षिक मागको करिब ३५ देखि ४० प्रतिशत मात्र हुन आउँछ , यसरी हेर्दा नेपालमा आवश्यकमध्ये ६० देखि ६५ प्रतिशत प्याज आयातमा निर्भर रहेको देखिन्छ ।

नेपालमा आयात हुने प्याजको ठूलो हिस्सा भारतबाट तथा केही चीनबाट हुने गरेको छ र थोरै परिमाणमा प्रशोधित प्याज अन्य देशहरूबाट समेत आयात हुन्छ , भारतमा उत्पादन हुने प्याज पिरो खालको हुने र नेपाली खानाको स्वादमा यस्तो प्याज रूचाइने हुनाले भारतीय प्याजले नेपालमा व्यापकता पाएको हुनसक्छ , अर्कोतर्फ भारत आफैंमा विश्वमा सबैभन्दा धेरै प्याज उत्पादन तथा निर्यात गर्ने देश पनि भएकाले यसको स्वत: प्रभाव नेपालमा परेको हो , तर, भारतले आफ्नो उत्पादन तथा बजारको अवस्था हेरेर विभिन्न समयमा प्याजको निर्यातमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउँदै आएको छ ।



छिमेकी मुलुक चीन पनि विश्वमै धेरै प्याज उत्पादन गर्नेमध्ये एक भएपनि चिनियाँ प्याज, गुलियो प्रकृतिको सलाद खाने खालको हुने हुनाले नेपालमा केही मात्रामा आयात र प्रयोग भए तापनि भारतीय प्याजजस्तो व्यापक उपभोग हुँदैन ,

प्याज उत्पादन वृद्धिका समस्या

गुणस्तरीय बिउ : नेपालमा वार्षिक करिब १५ मेट्रिकटन प्याजको बिउ उत्पादन हुने गरेको पाइन्छ तर नेपालको कुल प्याज खेती हुने क्षेत्रफलमा करिब दुईसय नौ मेट्रिकटन गुणस्तरीय प्याजको बिउ आवश्यक पर्छ र अझ प्याजको क्षेत्रफल विस्तार गर्ने हो भने सोही अनुपातमा अझै धेरै बिउ आवश्यक पर्छ , यो माग स्वदेशी उत्पादनले अहिलेको अवस्थामा धान्न मुस्किल छ ,

नेपालमा उत्पादन भएको बाहेक बाँकी आवश्यक प्याजको बिउ विदेशबाट आयात हुने गरेको छ तर भारतले भने प्याजको बिउ निर्यातमा विगत देखिने पूर्णरूपमा प्रतिबन्द लगाउँदै आएकाले भारतबाट औपचारिक आयात हुँदैन , तर खुल्ला सिमानाका कारण अनौपचारिक हिसाबले ठूलै परिमाणमा गुणस्तर नियमन नगरिएका बिउ नेपाल छिरेर अवैध ढंगले बिक्रीवितरण र सोबाट प्याज उत्पादनका लागि आवश्यक बिउको माग थेगिने गरेको छ ।

नेपालमा सरकारी स्तरमा प्याजको बिउलगायत तरकारी बिउ उत्पादन गर्न रूकुम पश्चिममा एकमात्र फार्म केन्द्र रहेको छ , तथापि सानो क्षेत्रफलका कारण त्यहाँ निकै कम परिमाणमा मात्र बिउ उत्पादन हुने गरेको छ ।

'सिड टु बल्ब' तथा 'बल्ब टु सिड' गरी दुई सिजन लगाई प्याजको बिउ उत्पादन गर्न दुई वर्ष लाग्ने र तथा अनौपचारिक हिसाबले बजार प्रवेश गर्ने न्यून गुणस्तरका बिउसँग मूल्यका हिसाबले प्रतिस्पर्धी नहुने भएकाले नेपालमा निजि स्तरमा किसान तथा उद्यमीहरू प्याजको बिउ उत्पादनमा आकर्षित हुन सकेका छैनन् ।

क्षेत्रफल विस्तारको समस्या : नेपालमा विशेष गरी तराईको सिँचित क्षेत्र नै प्याज उत्पादनका लागि क्षेत्र विस्तार गर्न सकिने सम्भाव्य ठाउँ हो , हाल नेपालको तराईमा ठूलो जमिनको हिस्सा वर्षामा धान रोपेर बाली भित्र्याएपछि सिँचाइको असुविधाका कारण खाली रहने गरेको छ , जुन ठाउँमा सिँचाइको प्रबन्धविना प्याज खेती विस्तार सम्भव छैन तथा सिँचित क्षेत्रमा समेत गहुँ र अन्य तरकारीतर्फ किसानको आकर्षण धेरै छ ।

सिँचित क्षेत्रमा किसानहरू प्याज खेतीमा आकर्षित नहुनुमा भारत सँगको खुल्ला बजारका कारण भारतमा प्याजको मूल्यमा आउने उतारचढावले नेपाली बजार प्रत्यक्ष प्रभावित हुनु रहेको छ , हिउँद याममा उपयुक्त मौसम भएको अवस्थामा भारतका महाराष्ट्रलगायत प्याज उत्पादन हुने मुख्य प्रदेशहरूमा प्याजको मूल्य ज्यादै न्यून हुन गई लगानीसमेत नउठेर किसानले आत्महत्यासमेत गरेका समाचार सुनिने गरेको छ ।

यसरी भारतीय बजारमा प्याजको मूल्यमा गिरावट आउँदा नेपालमा उत्पादित प्याजको मूल्यसमेत सोही हिसाबले प्रभावित हुन्छ र यसकारण हुने मूल्य अनिश्चितताले गर्दा किसानहरू तुलनात्मक रूपमा सुरक्षित बालीतर्फ आकर्षित हुनु स्वभाविक पनि छ ।

प्रविधि : भारतमा अहिले मुख्य सिजन- रवी र बेमौसमी- खरिफ गरी दुई सिजनमा प्याज उत्पादन गर्न सकिने प्रविधि विकास भइसकेको छ भने उत्पादकत्वसमेत नेपालको तुलनामा धेरै नै रहेको छ , तर, नेपालमा हिउँदमा एक सिजनमा मात्र व्यावसायिक प्याज खेती गर्न प्रविधि उपलव्ध छ र उपलब्ध प्याजका जातहरू समेत पुराना र अन्य देशका तुलनामा न्यून उत्पादन दिनेमात्र छन् ।

अझ प्याज र प्याज बिउ उत्पादन हुने क्षेत्रमा प्याजको

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# उत्कृष्ट कलेजहरु मध्ये विराटनगरको मेरील्याण्ड सातौं स्थानमा




विराटनगर । देशभरीको उत्कृष्ट कलेजहरु मध्ये विराटनगरमा संचालन रहेको मेरील्याण्ड सातौ स्थान प्राप्त गर्न सफल भएको छ ।

विभिन्न संघ संस्थाहरुले गरेको सर्वेक्षणमा यसअघि पनि सुचिकृत हुँदै आएको मेरील्याण्ड कलेपज काठमाण्डौको केन्द्रविन्दु नामक संस्थाले गरेको अध्ययन सर्वेक्षणमा सातौ स्थान प्राप्त गरेको छ ।

मुलुकभरी कक्षा ११ र१२ कक्षा पढाइ हुने कलेजहरुको मूल्यांकन गरी २५ उत्कृष्ट कलेजको नाम सार्वजनिक गरेको छ । विगत दश वर्षदेखि कलेजमा उपलब्ध सुविधा, सिकाई मैत्री वातावरण, परीक्षाको नतिजा आदीको आधारमा गरिएको सर्वेक्षणमा यो वर्ष मेरील्याण्ड उत्कृष्ट ७ मा परेको हो ।

वि.सं. २०५९ सालमा स्थापना भएको मेरील्याण्ड प्रत्येक वर्ष उत्कृष्ट नतिजा ल्याउन सफल छ । यो प्रदेश नम्बर १ कै सर्वोत्कृष्ट शैक्षिक संस्था हो ।

अध्ययनमैत्री वातावरण बनाउन सफल संस्थाले प्रविधिमैत्री शिक्षा, नियमित आन्तरिक परीक्षा प्रणाली, आवश्यकता अनुसार १२ महिना अतिरिक्त कक्षा, प्रोजेक्ट वर्कबेसलगायतका गतिविधी सञ्चालन गर्दै आएको छ । भयरहित वातवरणमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएकोले सफलता प्राप्त गरेको कलेजका प्रमुख लक्ष्मण ढकालले जानकारी दिनुभयो ।

दश जोड दुइ शिक्षामा अब्बल सावित भएलगत्तै २०६६ सालदेखि बिबिएसको पठनपाठन आरम्भ गरेको मेरील्याण्डमा १ हजार ५ सय विद्यार्थी अध्ययनरत छन् । मोफसलमा रहेर पनि अन्तराष्ट्रियस्तरको शिक्षा प्रदान गरेको कलेजको भनाई छ । मेरिल्यान्डले उत्कृष्ट नतिजा ल्याउने, गरिब तथा जेहेन्दार विद्यार्थीको लागि विशेष छात्रवृत्तिको व्यवस्था पनि गर्दै आएको छ ।

अनुशाशित वातावरणमा उत्कृष्ट फ्याकल्टी अध्ययन अध्यापन गराएकै कारण मेरील्यान्ड प्लस टु तहमा सफल शैक्षिक संस्था बनेको कलेज प्रमुख ढकालले जानकारी दिनुभयो । विद्यार्थीलाई नियमित अध्ययनबाहेक अतिरिक्त क्रियाकलाप मा सक्रिय गराउन पनि कलेजले उत्तिकै ध्यान दिने गरेको छ ।

देशभर २५ वटा उत्कृष्ट कलेजहरु सुची बन्दा प्रदेश नं. १ र २ बाट मेरील्याण्ड कलेज मात्र परेको छ । २०७५ सालमा मेरील्याण्ड देशभरकै सर्वोत्कृष्ट कलेज बनेको थियो । सो वर्ष कलेजका विद्यार्थीहरु पुजा साह र निशा पोखरेलले ३.९२ जिपिए ल्याएर नेपाल प्रथम भएका थिए ।

केन्द्रबिन्दुले गरेको सर्वेक्षण अनुसार १ नम्बर ललिपुरको प्रसादी एकेडेमी रहेको छ । यस्तै २ मा काठमाडौं मोडल कलेज, ३ मा काठमाण्डौकै सेन्ट जेभियर्स, ४ मा ग्लोवल कलेज अफ म्यानेजमेन्ट, ५ मा एनसीसीएस उच्च मावि, ६ मा सेन्ट मेरिज मावि, ८ मा ट्रिनिटी इन्टरनेसनल कलेज, ९ मा सगरमाथा मावि पोखरा, १० मा जेभियर इन्टरनेसनल कलेज, ११ मा काठमाडौं बर्नहार्ट रहेको छ । यस्तै १२ लिटिल एन्जल्स ललितपुर १३ मा पिनाकल कलेज, १४ मा पेन्टागन कलेज, १५ मा सिसिआरसी कलेज, १६ मा एभरेष्ट कलेज काठमाडौं, १७ सैनिक आवासीय मावि, १८ मा किष्ट कलेज काठमाडौ, १९ मा नेपाल मेगा कलेज, २० मा आइएसटी कलेज, २१ मा ट्रिटन इन्टरनेशनल कलेज, २२ मा हिमालयन ह्वाइट हाउस कलेज, २३ मा नेपाल काष्ठमण्डप कलेज, २४ मा नोवेल एकेडेमी र २५ नम्बरमा काठमाडौंका मोर्गन कलेज रहेको छ ।

# लागुऔषध सहित २ पक्राउ

झापा । झापाको गौरदह वडा नं. ९ वैगुनधुरा स्थितबाट दुई जना लागुऔषध सहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा गौरदह वडा नं. ३ को राजेश महतो र सोही स्थानका प्रमानन्द राजवंशी रहेका छन् । प्रहरी चौकी माहाभाराबाट गस्तीमा खटिएको प्रहरी टोलीले मोटर साईकलमा आएका दुवै जनालाई राती नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिहरु माथी चेकजाँच गर्दा १५८ बोतल ईस्कफ लागुऔषध फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय झिलझिले ले जनाएको छ ।

पक्राउ परेका दुबै जना उपर थप अनुसन्धान तथा कानुनी कारवाही अगाडी बढाईएको उक्त कार्यालयले जनाएको छ ।

# डुबेर आमासंगै दुई छोरीको मृत्यु

विराटनगर, असोज ५ गते । मोरंगको ग्रामथान गाउँपालिका वडा नं. १४ बनसखण्डीमा रहेको एक माछा पोखरीमा डुबेर आमासँगै दुई छोरी समेतको मृत्यु भएको छ ।

सोही ठाउँ बस्ने रुद्र कटुवालको माछा पोखरीमा माछा रेखदेख गर्ने कटुवालकै दिदी सिता अधिकारी, १४ र ९ वर्षीय छोरी क्रमश पवित्र अधिकारी, पितिका अधिकारी माछालाई चरो हाल्न भनि गएकोमा साँझ सम्म फर्कि नआए पश्चात सो माछा पोखरीमा गई हेर्दा तीनै जना आमा-छोरी पोखरीमा डुबी मृत अवस्थामा रहेको थियो ।

सो घटनाको जानकारी पाउँन साथ प्रहरी चौकी मोतिपुरबाट प्रसनिको कमण्डमा र ईप्रका हरैचाबाट प्रनानिको कमाण्डमा टोलि खटिई गई घटना स्थल सुरक्षित राखेको उक्त घटनाको थप अनुसन्धान तथा कानुनी प्रक्रियाको लागि ईप्रका बेलबारीबाट प्रनि को कमण्डमा टोलीथप अनुसन्धान भई रहेको सो कार्यालयले जनाएको छ ।

# सेतो मटर प्रहरीद्धारा बरामद

सुनसरी । सुनसरीको देवानगंज वडा नं. ६ स्थित भारत तर्फ लैजादै गरेको करीव १ लाख बराबरको सेतो मटर प्रहरीले बरामद गरेको छ ।

बिशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले सोमवार देवानगंज स्थित सिमा एरियाबाट ८० बोरा सेता मटर को १ च ८३६० नम्बरको पिकअप गाडीलाई नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

नियन्त्रण पश्चात गाडी चेकजाँच गर्ने क्रममा प्लाष्टिकले छोपेर लुकाई छिपाई राखिएको अवस्थामा उक्त सेतो मटर फेला पारी बरामद गरिएको हो । बरामद गरिएको मटर, पिकअप गाडी र चालक समेतलाई आवश्यक कारबाहीको लागी सुनसरी भन्सार कार्यालय कोशी ब्यारेज बुझाईएको उक्त कार्यालयले जनाएको छ ।

# कोरोना संक्रमितको घर-घरमा सेनिटाईज गर्दै विद्यार्थी नेता

विराटनगर । समाज सेवा गर्ने सबैको आ-आफ्नै तरीका हुन्छ त्यस मध्ये अखिल नेपाल राष्ट्रिय स्वातन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का केन्द्रिय सदस्य दिपेन्द्र मेहताले कोरोना संक्रमितको घर-घरमा गई सेनिटाईज गर्दै समाज सेवामा जुटेको छ ।

कोरोना संक्रमणले नेपालमा हाल सम्म ६९ हजार ३ सय १ जना संक्रमित भएको छ भने विराटनगरमा १५ सय ७७ जना संक्रमित पुगेको छ । कोरोना संक्रमितलाई विभिन्न किसिमका संघ संस्थाहरुले सहयोगर्दै आएको छ । त्यही सहयोगको भावनालाई हेरेर केहि कोरोना संक्रमितको लागि गरौ भन्ने सोच आएपछि हाम्रो टिमले कोरोना सक्रमितको घरलाई सेनिटाइज गर्ने लक्ष्य लिएको मेहताका भनाई छ ।

मेहताले शररिमा सटपेन्ट चिटर लगाएर हातमा पंजा, मुखमा मास्क, आँखामा चश्मा लगाएर हातमा सेनिटाइज गर्ने मेशिन लिएर कोराना संक्रमितका घर-घरमा पुगेर घरलाई सेनिटाईज गर्ने गरिन्छ ।

सो सेनिटाईज गर्नको लागि स्टार इट्टा उद्योग प्रालिका दिपक ढकाल लगायत आधा दर्जन साथीहरुको सहयोगले ४५ दिन लगाए ५ सय घरमा सेनिटाईज गरिसेको मेहताले वताए । त्यस वाहेक पनि समाजिक संस्थाहरु नेपाल पत्रकार महासंघ, मकालु टेलिभिज लगायत दर्जनौ संस्थाहरुमा समेत सेनिटाईज गरि सकेको छ ।

विराटनगर महानगरपालिका सबै सक्रमितहरुको घरलाई सेनिटाईज गर्ने अभियान रहेको छ ।

# नेपालमा...

ढुसीजन्य रोग, पर्पल ब्लचको प्रकोप रहेको छ जसले उत्पादन तथा उत्पादकत्वमा समस्या पर्ने गरेको छ , नेपालमा मुख्य सिजनमा उत्पादन हुने प्याज वैशाख-जेठमा खनिन्छ , तर, प्याजलाई भण्डारण गर्न २५-३० डिग्री सेन्टिग्रेड तापक्रम र ६५-७० प्रतिशत सापेक्षित आद्रतामा 'नेचुरल भेन्टिलेसन'मा भण्डारण गर्न सकिने भएपनि यो समयमा तराईमा यस्तो अवस्था उपलब्ध हुँदैन ।

कोल्डस्टोरमा प्याज भण्डारण गर्न विशिष्टिकृत संरचना आवश्यक हुने भएकाले सो संरचनाको निर्माण र संचालन व्यावसायिक नहुने अवस्थामा स्थानीय स्तरमा प्याज भण्डारण गर्ने प्रविधि नेपालमा उपलब्ध नभएकाले समेत किसानहरू प्याज खन्नेवित्तिकै जतिसुकै मूल्यमा भएपनि बेच्न बाध्य छन् ।

अब के गर्ने त ?

विगतमा प्याज खेती प्रवर्द्धन गर्न सञ्चालन भएका मिसन कार्यक्रमलगायत अन्य कार्यक्रमका कमजोरीहरूको विश्लेषण गरी प्याजको गुणस्तरीय बिउ उत्पादन गर्न प्रोत्साहन गर्ने, तराईका असिँचित क्षेत्रमा सिँचाइको प्रबन्धसहित प्याज खेती प्रोत्साहन गर्ने, प्याजको खेती प्रवर्द्धन गर्न आवश्यक प्रविधि विकास वा आयात गरेर प्रमाणीकरण पश्चात् किसानमाझ लैजाने तथा बजार व्यवस्थापन र मूल्यको सुनिश्चितता गर्ने किसिमका कार्यक्रममा तीनै तहका सरकार मिलेर काम गर्नु नै आजको आवश्यकता हो ।

अनलाईन खबरबाट ।






## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

**३. यसबाट बच्न के-के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउंपालिका, कर्सिया, मोरंग, प्रदेश नं. १**

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्वर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

# विधान सभा चुनावको लागि नेपाल भारतको सिमा सुरक्षा बैठक



विराटनगर । भारतको बिहार राज्यमा हुने विधान सभाको चुनावमा शान्ति सुरक्षा कायम गर्नका लागि नेपाल र भारतको सुरक्षा अधिकारीहरुको बैठक सम्पन्न भएको छ ।

अगामी विधान सभाको चुनावको लागि जोगवनी स्थित एकीकृत चेक पोष्टको सभाहलमा पुर्णियाको आईजी लगायत भारतको सिमा जोडिएको सुनसरी र मोरंगको एसपी, एसएसवी र एपीएफका सुरक्षाकर्मीहरुको सहभागीता रहेको थियो ।

उक्त बैठकमा सीमाको सुरक्षा व्यवस्था सहित सीमाक्षेत्रमा भई रहेको अपराधिक गतिविधीहरुको वारेमा छलफल गरी विभान सभाको चुनावलाई निष्पक्ष गराउन पुर्णियाको आईजी विनोद कुमारले विस्तृत चर्चा गरिको थियो ।

साथै सिमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्था र अपराधीक गतिविधीहरु लिएर हुने समस्याहरुलाई दुवै देशका सुरक्षलाई साझा रुपमा समाधान गर्ने सहमती भएको छ ।

सो बैठकमा मोरंग जिल्लाको एसपी संतोष खड्का र सुनसरी जिल्लाको एसपी कमल थापा, एपीएफको एसपी तीर्थराज पौडेलल सिमाको समस्याको वारेमा जानकारी गराएका थिए । सिमा क्षेत्रको समस्याहरुलाई भारत तर्फका सुरक्षा कर्मीहरुवाट सहयोग रहने वताए ।

सो बैठकमा अररियाको एसपी ह्दय कान्तले सवै सुरक्षाकर्मीहरुलाई अभार प्रकट गर्दै धन्यवाद दिएको थियो ।

पुर्णियाको आईजीपीले अगामी विहारमा हुने अगामी विधान सभा चुनावलाई मध्ये नजर गर्दै दुवै देशमा हुने समस्यालाई गम्भिरता पुर्वक लिएर समाधान गर्ने संचारकर्मीहरुलाई वताएका थिए ।

सो बैठकमा एसएसवी छैठौं बाहिनीको सेनानायक मुकेश त्यागी, बटालियन सेनानायक विरेनद्र कुमार बर्मा, अररिया एसडीपीओ पुष्कर कुमार, फारविसगंज एसडीपीओ गौतम कुमार, एक्साईज सुपरिटेंडेंट अमृतेश कुमार, जोगवनी थानाको अध्यक्षआफताब अहमद लगायतको उपस्थिति रहेको थियो ।

# शरिरको लागि हानिकारक पेनकिलर

खासगरी शरीरको दुखाइ कम गर्न हामी पेन किलर सेवन गर्छौं । पेन किलर शरीरका लागि हानिकारक हुन्छ । यदि कसैलाई मधुमेह, उच्च रक्तचाप, हाइ कोलेस्टोर वा मिर्गौलाको समस्या छ भने त्यस्तो अवस्थामा पेन किलर थप हानिकारक हुन सक्छ ।

अझ प्रवृत्ति कतिसम्म खराब छ भने यस्ता पेनकिलर चिकित्सक को परामर्शविना नै लिने गरिन्छ । सामान्य टाउको दुखेको बेला होस् वा कुनै घाउ दुखेको बेला । जबकि पेन किलरले अन्ततः जटिल समस्या पैदा गर्न सक्ने खतरा रहन्छ ।

दममा : केही पेनकिलर यस्ता हुन्छन्, जसले स्वासप्रश्वास सम्बन्धी समस्या ल्याउन सक्छ । यसको अधिक प्रयोगले दमको शिकार हुने खतरा रहन्छ । नियमित मात्रामा पेन किलर सेवन गर्दा त्यसले फोक्सोको समस्या निम्त्याउँछ ।

पेटमा घाउ हुन सक्छ

पेन किलर धेरै मात्रामा सेवन गर्दा त्यसले पेटमा ग्यासको समस्या ल्याउने सम्भावना हुन्छ । छातीमा जलन, पेटमा दुखाइ, नमीठो डकार, वान्ता हुन सक्छ । यसले क्रमशः पेट सुन्निने समस्या ल्याउँछ । यो क्रम जारी रहेमा पेटमा घाउ आउन सक्छ ।

मुटुको रोग : लामो समयसम्म कुनैपनि पेनकिलर सेवन गर्दा त्यसले मृगौलाको रोग निम्त्याउँछ। कलेजोलाई हानि गर्छ । मानसिक रोगी बनाउँछ । किनभने पेन किलरले रगतलाई दूषित बनाउँछ । यसले हृदयघातको समस्या पनि ल्याउन सक्छ ।

कलेजो सुन्निने : पेन किलरको असर कलेजोमा पर्छ । पेन किलर धेरै मात्रामा सेवन गरेपछि कलेजाको सेल्स मर्न थाल्छ । यसको ठूलो लक्षण हो, भोक कम लाग्नु ।

रक्तश्राव हुन सक्छ

एक अध्ययनअनुसार अधिक मात्रामा पेन किलर सेवन गर्नु निकै खतरनाक छ । कुनैपनि पेनकिलर औषधिको प्रभाव हुनका लागि कम्तीमा तीस मिनेट लाग्छ। यस्तो अवस्थामा पेनकिलरको ओभरडोज लिँदा रक्तश्राव, मिर्गौलालाई हानि हुने खतरा रहन्छ ।

गर्भपात : गर्भवती महिलाले पेनकिलर सेवन गर्नु निकै जोखिमपूर्ण हुन सक्छ । पेनकिलरको सेवनले गर्भपात हुने खतरा रहन्छ ।

क्तचाप बढ्छ : पटक पटक पेनकिलर सेवन गर्दा त्यसको लत लाग्छ । यस औषधिको लगातार सेवनले उच्च रक्तचाप बढ्न सक्छ ।

# पत्रकारहरूको सत्याग्रहमा प्रदेश पत्रकार महासंघको एक्याबद्धता

विराटनगर । नेपाल रिपब्लिका मिडिया प्रा.लि.द्धारा प्रकाशित नागरिक दैनिकले नियमित रुपमा पारिश्रमिक नदिएको, कामवाट हटाएको, कसैलाई आधा तलव दिएको भन्दै विरोध स्वरुप सुनसरीका पत्रकार सुविद गुरागाईको नेतृत्वमा भई रहेको आन्दोलन प्रति प्रदेश १ पत्रकार महासंघले एक्यबद्धता जनाएको छ ।

प्रदेश समितिले निकालिएको प्रेसविज्ञप्तीमा भनिएको छ कोरोना भाइरसको महामारीको समयमा जोखिम मोलेर आफ्नो भुमिका निर्वाह गरिरहेका पत्रकारहरुलाई सञ्चार गृहहरुले नियमित पारिश्रमिक नदिनु, न्यून पारिश्रमिक दिन', बेतलबी विदामा राख्नु' र कामबाटै निकाल्नु गैरकानुनी र आपत्तीजनक कार्य भएको उल्लेख गरेको छ ।

त्यसैगरी नागरिक दैनिकको डेक्समा बसेर तेस्रो पृष्ठ हेर्दै आएका पत्रकार गुरागाईलाई इमेल पठाएर नागरिकले लकडाउनको समयमा जागिरबाट हटाएको थियो । सो मिडियामा आबद्ध प्रदेश १ मा कार्यरत अधिकांश पत्रकारहरुले पनि पछिल्लो समयमा नियमित पारिश्रमिक नपाएको बुझिएको छ । पारिश्रमिक पाएकाले पनि मासिक २ देखि ५ हजार मात्र प्राप्त गरेको र सो अनुसार काम नगर्नेलाई विदा लिन व्यवस्थापनले दबाब दिँदै आएको गुनासो आएको भन्दै श्रमजीवी पत्रकार ऐन विपरित र न्युनतम् मानवीय व्यवहार पनि नदेखाई पत्रकारहरुमाथि सञ्चार गृहले गरेको व्यवहारको घोर भर्त्सना गरेको छ ।

सहज अवस्थामा मिडियाको हैसियत बृद्धि हुँदा त्यसको फाइदा सबै सञ्चालकले लिने र अहिलेको महामारीको अवस्थामा श्रमजीवी पत्रकारलाई पारिश्रमिक नदिने तथा कामबाट हटाउने कार्य कार्य तत्काल बन्द गर्न हामी माग गर्दै नागरिक मात्र नभएर अन्य ठुला संचार गृहले पनि प्रदेश १ मा कार्यरत पत्रकारहरुलाई नियमित पारिश्रमिक नदिने, दिइरहेको पारिश्रमिक कटौती गर्ने, कामबाट निकाल्ने र वेतलबी विदा दिने कामा गरिहेको गुनासो महासंघमा आएकोल यस्ता हर्कत तत्काल बन्द गर्न माग समेत गरेको छ ।

श्रमजीवी पत्रकार ऐनअनुसार पाश्रिमिक र अन्य सेवा सुविधा नदिने सञ्चार गृहहरुलाई तत्काल सबैखाले सरकारी विज्ञापन प्रकाशनमा रोक लगाउने निर्णय गर्न सरकारलाई आह्वान गर्दै सबै सञ्चारकर्मीहरुलाई श्रमजीवीमा मुद्दामा एकताबद्ध भएर अगाडि बढ्न आह्वानसमेत गरेको छ । सो विज्ञप्ती महासचिव विवेक गौतम द्धारा हस्ताक्षर गरिएको थियो ।

# विमाको चेक हस्तान्तरण

विराटनगर । सुनसरी जिल्लाको पहिलो पत्रकारलाई कोरोना (कोभिड-१९) विमाको चेक हस्तान्तरण भएको छ ।

कोभिड-१९ कोरोनाको बढ्दो संक्रमणको समाचार अग्रपंक्तिमा रही समाचार संकलन गर्ने क्रममा सुनसरीको दुहवी नगरपालिका पत्रकार चन्दन रौनियारलाई विमा कम्पनीले एक लाखका चेक हस्तान्तरण गरेको छ ।

कोरोना संक्रमित भएको ३१ दिन पूरा भएको छ । रौनियारलाई भदौ ७ गते पिसिआर चेक गराउँदा ९ गते पोजेटिभ रिपोर्ट आएको थियो ।

मोरङको सुन्दरहरेचा ८ स्थितरहेको क्वारेन्टाइन आसुलेसन ११ दिनको आसुलेसनको बसाई पश्चात कोरोना मुक्त भएर गृह जिल्ला सुनसरीको दुहबी फर्केको थियो ।

प्रेस युनियन सुनसरीबाट २६० जना क्रियाशील पत्रकारहरुको अहिले सम्म आइएमई जरनल इन्स्योरेन्स लिमेटेड मार्फत विमा गराएको थियो ।

# सुपरभाइजरको मृत्यु

ओखलढुंगा । ओखलढुंगा सिद्धिचरण वडा नं. १२ सिमलडाँडा मोलुङ-१ कुन्तादेबी बस्ने २८ बर्षीय परनेश खत्रीको करेन्ट लागेर मृत्यु भएको छ ।

मृतक खत्री मोलुङ खोला हाईड्रोपावर टान्समिसन लाईनको सुपरभाईजर रहेको खुल्न आएको छ । बिहान पौने ११ बजे सिमलडाँडा स्थितमै बिजुली सप्लाईको मेन्टिनेन्सको लागी जम्पर छुटाउन बिजुलीको पोलमा चढेको अबस्थामा बिधुत सट हुदा उनलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर पोलमै अड्किएको अवस्थामा उनलाई उद्धार गरी उपचारार्थ सामुदायिक मिसन अस्पताल ओखलढुंगा लगिएकोमा डाक्टरले खत्रीको मृत्यु भईसकेको भनि जानकारी गराएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाइरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

3. यसबाट बच्न के-के गर्ने ?

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**कटहरी गाउंपालका**
**मोरंग, प्रदेश नं. १**

## स्वाच्छ खाद्य उपभोगका लागि अनुरोध

- प्याकिङ्ग भएको खाद्य पदार्थको बाहिरी आवरणमा लेवलमा खुलाउनुपर्ने उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना आदि हेरेर मात्र खरीद गरौं । साथै उपभोग्य मिति नाघेका खाद्य पदार्थ खरिद नगरौं ।
- अखाद्य रंग प्रयोग भएका/अत्यधिक रंग प्रयोग भएका रङ्गीचङ्गी मिठाई लगायतका खाद्य पदार्थ खरीद नगरौं ।
- सडेगलेका, झिंगा भन्केका, खुल्ला (नछोपी) राखेका फोहर ठाउा तथा विषाक्त अवस्थामा तयार पारिएका धुलो पर्ने स्थानमा राखेका खानेकुराहरु खरिद तथा उपभोग नगरौं ।
- पाकेट फूटेका, खिया लागेका बट्टामा रहेका खानेकुरा, ढुसी परेका, किरा लागेका, डल्ला परेका, अस्वाभाविक, गन्ध आउने खाद्य पदार्थको प्रयोग नगरौं ।
- तेलमा तारका पकाएका खानेकुरा खाादा पत्रपत्रिकामा राखि खाने बानी नगरौं ।
- ताजा र स्वच्छ खाद्य बस्तुको उपभोगमा ध्यान दिऔं ।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा समस्या भएमा कार्यालयमा गुनासो/उजुरीको माध्यमबाट जानकारी गराऔं ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर, मोरंग**
**सम्पर्क फोन नं. ०२१४७०२२१, ४७०८२८**
**इमेल : rftqcobrt@gmail.com**

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाइरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

3. यसबाट बच्न के-के गर्ने ?

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**सुनबर्सि नगरपालिका, डाईनिया,**
**मोरंग, प्रदेश नं. १**

# लागु औषध सहित आठ जना पक्राउ

उदयपुर । उदयपुरको त्रियुगा नगरपालिक वडा नं. २ स्थित फत्तेपुरबाट लागुऔषध सहित ६ जना पक्राउ परेका छन ।

विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले उनिहरुलाइ फत्तेपुरबाट नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा पश्चात उनिहरु माथी चेकजाँच गर्दा फेनारगन ३५ एम्पुल, डाईजोपाम ३५ एम्पुल, लुपिजेसिक ३५ एम्पुल गरी १०५ एम्पुल लागुऔष फेला पारी बरामद गरेको हो । यसै गरी उनिहरुले प्रयोग गर्ने स १ प ३२२४ नम्बरको मोटरसाईकल समेत बरामद गरिएको छ ।

लागु औषध सहित पक्राउ पर्नेमा त्रियुगा नगरपालिकाका १२ को रजामुदिन अन्सारी, मिलन विश्वकर्मा, सागर पौडेल, शिव अधिकारी, विशाल मगर र दिलिप घिमिरे रहेका छन ।





त्यस्तै उनिहरुलाई पक्राउ गरिएसँगै अनुसन्धानमा खटिएको जिल्ला प्रहरी कार्यालय उदयपुरको प्रहरी टोलीलेनै उदयपुर त्रियुगा नगरपालिका वडा नं. ६ लालपत्ताबाट लागुऔषध सहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरी कृष्ण सबरमको प्रवेश मिया र हजारुम खातुन रहेका छन । उनिहरु श्रीमान श्रीमती रहेको खुल्न आएको छ । प्रहरीले उनिहरुको साथबाट फेनारगन ६० एम्पुल, डाईजोपाम ६० एम्पुल, लुपिजेसिक ६० एम्पुल गरी १८० एम्पुल लागुऔषध फेला पारी बरामद गरेको हो । लागुऔषध सहित पक्राउ परेका आठै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# बारा र रौतहटका स्थानीयबीच झडप

वीरगञ्ज, असोज ५ गते । बाराको एक पुल निर्माणको विषयमा बारा र रौतहटका स्थानीयबीच झडप हुँदा दुवै तर्फका केही स्थानीय बासीहरु घाईते भएका छन् ।

बाराको आदर्श कोतवाल गाउँपालिका रुपौलिया र रौतहटको विजयपुर फतवाको मेवा गाउँका बासिन्दाबीच झडप भएको हो । झडपको क्रममा केही स्थानीयहरुको टाउको हात, खुट्टामा चोट लागेका घाइतेहरु स्वास्थ्य संस्थामा उपचार गराइएको छ ।

हुलाकी राजमार्गमा रहेको अरुवा नदीमा पुल निर्माणाधिन अवस्थामा छ । स्थानीयहरुकै विवादका कारण पुल निर्माण हुन सकि रहेको थिएनन् । उक्त ठाउँमा पुल निर्माण गर्दा नदीले धार परिवर्तन गरी गाउँ डुबानमा पार्ने भन्दै बाराको रुपौलियाका बासिन्दाले विरोध गर्दै आएको स्थानीयहरुको भनाई छ । तर रौतहटतर्फका बासिन्दाले पुल तोकिएकै स्थानमा बन्नुपर्ने अडान राखेका कारण झडप भएको हो ।

दुवै तर्फको स्थानीयवासीलाई राखी समस्या समाधान नगरी पुल निर्माण कार्य शुरु गरेपछि विवाद भएको हो । विवादले उग्ररुप लिंदा दुबैतिरका स्थानीय बासिन्दा एक अर्कामाथि जाइलागेका थिए । हातमा लाठी भाटा लिएर पुल निर्माण स्थलमा पुगेका स्थानीयले पुल निर्माणका लागि सिमेन्ट घोल्ने मिक्सर समेत जलाइदिएका थिए ।

विवाद भएर उग्र रुप लिएको तर अहिले अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

समस्या समाधानका लागि असोज ९ गते दुवै गाउँका बासिन्दबीच छलफल गर्ने सहमति समेत भएको छ ।

## मोबाईल खरीदको लागि नक्कली नोट

बारा । सिमरौनगढ नगरपालिका वडा नं. ९ बसवरियामा चोरीको मोबाईल खरिद बिक्रीमा नक्कली नोटको प्रयोग भएको खुल्न आएको छ ।

विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सोही स्थानमा पुगी चेकजाँच गर्दा बारागढी गाउँपालिका वडा नं. ५ सिघासनीको बलिराम चौधरीले प्रयोग गरेको बा ६४ प ९७०६ नं. को मोटर साईकलमा सवार भारत विहार मोतिहारी जिल्लाका संदिप कुमारलाई रोकी चेकजाँच गर्दा सो नक्कली नोट फेला परेका हो ।


कुमारले बोकेको पहेलो रंगको प्लास्टिक झोला भित्र १ हजारको नोट १२ सय ४६ वटा अर्थात १२ लाख १६ हजार फेलापारेको जिल्ला प्रहरीकार्यालय बाराले जानकारी गराएको छ ।

बरामद गरीएका नोटहरु नक्कली भएको अनुसन्धानबाट खुलेको छ । ३० थान मोबाईल बिक्री गरेवापत सो रकम प्रप्त भएको छ । नक्कली नोट दिई मोबाईल लिएर फरार भएको व्यक्तिहरुको खोजी भई बरहेको र पक्राउ परेका दुवैलाई जिल्ला प्रहरी कार्यालय बारामा राखी थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रबक्ता गौतरमरु मिश्रले बताए ।

## बालिकाको मृत्यु

झापा, असोज ९ गते । झापा बिर्तामोड-५ स्थितमा रहेको एक घरको छतबाट झर्दा एक १३ वर्षीय बालिकाको मृत्यु भएको छ ।

राती खान खाई सकेपछि घरको छतमा गई हिलडोल गर्दै तल हेर्ने क्रममा अचानक लड्दा कृतिका गम्भिर घाईते भएकी थिईन । उनलाई तत्काल उपचारार्थ लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय वांकी अन्तिम पेजमा...



# तारचोरी गर्ने प्रहरीको फन्दामा

बिराटनगर । नेपाल टेलिकमको तार चोरी गर्ने चार जना लाई प्रहरीले पक्राउ गरको छ ।

बिराटनगर महानगरपालिका वडा नं.४ स्थित जामुनगाछीबाट चारै जनालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा बिराटनगर महानगर पालिका वडा नं. ६ को विजय सहनी, राज सहनी, रविन सहनी र सुमित सहनी रहेका छन ।

असोज १ गते बिराटनगर महानगरपालिकाको बिभिन्न स्थानहरुबाट टेलीकमको तार चोरी भएको उजुरीसँगै खोजी कार्य अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

खोजतलासकै क्रममा सोमवार राती जामुनगाछीबाट चारै जनालाई पक्राउ गरिएको हो । साथै उनिहरुले चोरी गरी लगेको नेपाल टेलीकमको १५० पेयरको २२० मिटर केवल तार समेत फेला पारी बरामद गरिएको छ ।

त्यसै गरी उनिहरुले प्रयोग गर्ने को ९ प ४१५८ नम्बरको यमाहा मोटरसाईकल समेत नियन्त्रणमा लिईएको छ । यसरी चोरीएका सामान सहित पक्राउ परेका चारै जना उपर चोरी ऐन अन्तर्गत कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ

# ब्राउनसुगर सहित तीन जना पक्राउ

झापा । झापाको अर्जुनधारा नगरपालिका वडा नं. ११ बसपार्क र बिर्तामोड भगवान चोकबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित ३ जनालाई प्रहरीले पक्राउ परेका छन ।

पक्राउ पर्नेमा बिर्तामोड-३ को बिशाल राजवंशी र सोही स्थानका नर प्रसाद राजवंशी रहेका छन भने अर्का बिर्तामोड-२ को प्रदिप राजवंशी रहेका छन । बिशाल र नर प्रसाद ११ ग्राम ब्राउनसुगर सहित अर्जुनधाराबाट पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यसै गरी प्रदिप १० ग्राम ब्राउनसुगर सहित बिर्तामोड भगवान चोकबाट पक्राउ परेको उक्त कार्यालयले जनाएको छ । बिशेष सुराकका आधारमा उनिहरुलाइ हिजो राती पौने ११ बजे पक्राउ गरिएको हो । पक्राउ परेका तिनै जना उपर ईलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ ।


## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. *कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. *कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

3. *यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**रंगेली नगरपालिका, रंगेली, मोरंग, प्रदेश नं. १**

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाइजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्वार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०